प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ७ ॥ २०८१ माघ २२ गते मंगलबार (4th Feb 2025 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

## ‘नो केबलकार समूह’ र सरकारबीचको वार्ता निश्कर्षविहीन




झापा(प्रस) । ‘नो केबलकार समूह’ र सरकारबीचको वार्ता निश्कर्षविहीन बनेको छ। सरकारी वार्ता टोलीको संयोजक गृहमन्त्रालयका सहसचिव प्रेमप्रसाद भट्टराईसंग मुक्कुमलुङ संरक्षण समितिका सहजीकरण समितिका संयोजक अमर तुम्याहाङको टोलीले सोमबार साँझ राजधानी काठमाडौंको होटल हिमालयनमा वार्ताको लागि पूर्व सर्तहरु प्रस्तुत गरेका थिए ।

सहजीकरण समितिले मुक्कुमलुङ/पाथिभराबाट प्रहरी फिर्ता हुनुपर्ने, केवलकारको काम बन्द हुनुपर्ने, पक्राउ परेका सम्पूर्ण बन्दी रिहाइ हुनुपर्ने सर्त राखेका थिए ।

वार्तामा सरकारी टोलीले बन्दीहरु रिहाइ गर्ने भनेपनि प्रहरी फिर्ता र केवलकार निर्माण बन्द गर्ने कुरा नमिलेपछि माघ २२ मा फेरि बस्ने गरी छुटेको सहजीकरण समितिका संयोजक अमर तुम्याहाङले बताए। सोमवार कुरा नमिलेपछि यातायात बन्द निरन्तर हुने निर्णय भएको किरात याक्थुङ चुम्लुङका संघीय अध्यक्ष प्रेम एक्तेनले बताए । केवलकार खारेजी नभएसम्म बन्दलाई थप सशक्त बनाउने, चन्द्र ढकाल नेतृत्वको जीबीआईएमई बैंकको कार्यालय केन्द्रित कार्यक्रम गर्ने, केही दिनपछि विद्यालय र आमहड् तालसम्म पुग्ने छलफल भएको बैठकमा सहभागी जसपाका केन्द्रीय नेता रमेश राईले बताए ।

माग पुरा नभए माघ २२ गतेदेखि आम हड्तालको घोषणा भएपनि तत्काल यातायात बन्दलाई निरन्तर दिने बताइएको छ । आन्दोलनमा ११ वटा सामाजिक र ९ वटा राजनीतिक संगठनहरु सहभागी रहेका छन् ।

संघर्ष समितिको तर्फबाट संयोजक अमर तुम्याहाङ, सदस्यमा शंकर लिम्बू, राम मादेन र सरस्वता सिंगक (सरु) वार्तामा बसेका थिए ।

सरकारले गृह मन्त्रालयका सहसचिव प्रेमप्रसाद भट्टराईको संयोजकत्वमा वार्ता समिति गठन गरेको छ भने नो केबलकार समूहले अमर तुम्याहाङको संयोजकत्वमा राम मादेन, शंकर लिम्बू र सरु सिंघक सदस्य रहेको वार्ता सहजीकरण समिति बनाएको छ ।

योसँगै विगत पाँच वर्षदेखि सुरु भएको द्वन्द्व व्यवस्थापनका लागि प्रक्रिया सुरु भएको छ । आफूहरूको मुख्य माग राजनीतिक तहबाट मात्रै पूरा हुने भएकाले आन्दोलनरत समूहले सहजीकरण समिति बनाएको जनाएको छ ।

## बन्दकर्ताद्वारा तीनवटा सवारी साधनमा तोडफोड


झापा(प्रस)। ताप्लेजुङको पाथीभरा क्षेत्रमा केवलकारको विरोधमा आन्दोलित बन्दकर्ताहरुले तीनवटा सवारी साधनमा तोडफोड गरेका छन् । झापामा एउटा र इलाममा दुईवटा सवारी साधनमा उनीहरुले तोडफोड गरेका हुन् । सोमवार दिउँसो करिब २:३० बजे झापाको कमल.-४ सितापुरीस्थित पूर्वपश्चिम राजमार्गमा काँकडभिट्टाबाट धनगढीतर्फ जाँदै गरेको प्रदेश १-०१-००१ ख ३५८३




नम्बरको मितेरी यातायातको बसलाई दुईवटा मोटरसाइकलमा आएका ३/४ जना बन्दकर्ताहरुले ढुङ्गा प्रहार गरेका हुन् । ढुङ्गा प्रहारबाट बसको अगाडिको सिसामा एउटा प्वाल परेको छ ।

उता सोमवार दिउँसो ३;२५ बजे इलाम माङसेबुङ गाउँपालिका ३ दोभानस्थित भित्री सडकखण्डमा पाँचथरको रविबाट भित्री बाटो टोड्के-कुसुन्डे हुँदै झापातर्फ आउँदै गरेको मे १ ज १३६४ र मे.१ ज ३३०५ नम्बरको बोलेरो गाडीलाई अन्दाजी १०-१२ जनाको संख्यामा मोटरसाइकलमा आएका बन्दकर्ताहरुले रोकेर दुवै गाडीको सबै सिसा फुटाएका छन् । घटनाको खबर प्राप्त हुनसाथ प्रहरी चौकी पञ्चमीबजार बाँझोबाट प्रहरी टोली खटिएको र बन्दकर्ताहरु झापातर्फ आएको बताइएको छ ।

## मुख्यमन्त्रीद्वारा गायत्री मन्दिरको उद्घाटन



झापा(प्रस)। कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले धार्मिक सहिष्णुताका हिसाबले कोशी प्रदेश अन्यभन्दा विशिष्ठ रहेको बताएका छन् । नेपालमा रहेका १२ वटा ज्योतिर्लिङ्गमध्ये कोशी प्रदेशमा सबैभन्दा धेरै ज्योतिर्लिङ्ग रहेको बताउँदै मुख्यमन्त्री कार्कीले कोशी आफैंमा विशिष्ठ प्रदेश भएको बताएका हुन् ।

बिर्तामोड ५ स्थित बालाजी टोलमा निर्मित गायत्री माताको प्राण प्रतिष्ठापछि मन्दिरको उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले धार्मिक सहिष्णुतासंगै कोशी प्रदेशमा ८ हजार मिटरभन्दा उचाईमा रहेका हिमालको संख्या पनि अन्य प्रदेशभन्दा धेरै भएको र विश्वको सर्वोच्च शिखर सगरमाथा पनि यही प्रदेशमा भएकाले यो प्रदेशको विशिष्ठ स्थान रहेको उल्लेख गरे । कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२ लाई पर्यटन वर्षका रुपमा मनाउने र कोशी प्रदेशमा धार्मिक पर्यटन क्षेत्रको समेत विकास गरेर लैजाने धारणा राखे । उनले कोशी प्रदेशमा लगानी सम्मेलन गर्दै चिया लगायतका कृषिजन्य बालीको विकासमा समेत टेवा पुर्याउने विशेष खालका योजना अघि सारेको बताए ।

नेपालका प्रथम जगतगुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजले कोशी प्रदेश धार्मिक पर्यटनका हिसावले नेपालकै अब्बल प्रदेश रहेको बताउँदै यसको संरक्षण र सम्र्वद्धनका लागि सरकारले सहयोग गर्नु पर्ने धारणा राखे । नेपाल सरकारले अंग्रेजी सम्वतलाई नयाँ वर्षका रुपमा मनाउने गरेपनि कोशी प्रदेश सरकारले आगामी वैशाख १ गतेबाट नेपालको पर्यटन वर्ष मनाउने योजनाको प्रशंसा गरेका छन् ।

गायत्री माता मन्दिर निर्माण समितिका संयोजक रौनक वंशलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन संचारकर्मी केशव भट्टराईले गरेका थिए । मन्दिरको संरक्षण, रेखदेश र अपनत्वका लागि झापाका विभिन्न ८२ वटा संघ संस्थाले ऐक्यवद्धता जनाएका छन् ।

( फोटो फिचर पृष्ठ ३ मा )

## स्वास्थ्य मन्त्रालयमा ६ महिनामा १३० वटा गुनासो




झापा(प्रस) । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा स्वास्थ्यसँग सम्बन्धी १३० वटा गुनासो परेका छन् । चालु आर्थिक वर्षको ६ महिनामा १३० वटा गुनासो परेका हुन् । मन्त्रालयले सुनवाइ सेन्टरबाट विभिन्न मध्यमबाट सो गुनासो प्राप्त भएको जनाएको छ । हेलो हेल्थमार्फत ७२ वटा गुनासो सुनुवाइ प्राप्त गरेको छ । यस्तै, इमेलमार्फत ३५ वटा, ट्वीटरमार्फत ७ वटा र ह्वाट्सअपबाट १६ वटा गुनासो संकलन गरेको मन्त्रालयले जनाएको छ । यी गुनासो सम्बोधनका लागि मन्त्रालयले सम्बन्धित निकायमा पत्राचार गरेको उल्लेख गरेको छ ।

## महोत्सव समापनमा पत्रकार पुरीसहित १७ जना सम्मानित

झापा(प्रस) । गत माघ ८ गतेदेखि जारी बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सव समापन भएको छ ।




उद्योग वाणिज्य महासंघका केन्द्रीय उपाध्यक्ष हेमराज ढकालको प्रमुख आतिथ्यमा आयोजित समापन कार्यक्रममा सञ्चारकर्मीसहित सफल व्यवसायी, कृषक, महिला उद्यमी, स्वास्थ्यकर्मी, खेलाडी, सामाजिक क्षेत्रका अगुवालाई सम्मान गरिएको छ ।

अनलाईन पत्रिका ‘शब्दपत्र डटकम’ का सम्पादक तथा प्रकाशक उद्धव पुरीलाई नगद ११ हजारसहित सम्मान तथा पुरस्कृत गरिएको थियो । त्यस्तै संघका पूर्व अध्यक्ष रामलोचन न्यौपाने, डा. प्रियंका कार्की, विवेक केशरी प्रसाई, झापा गोल्डकपका अध्यक्ष केदार गिरी, कृषक सन्तोष सुवेदी, महिला उद्यमी टिकादेवी उप्रेती, गीता खतिवडा, व्यवसायी लक्ष्मी उदास, रामनन्दन शाह, खेल क्षेत्रबाट दिपेन धिमाल, व्यवसायी दिनेश मित्तल , रेडियो विराटकी प्रवन्ध निर्देशक लीला अनमोल , महिला उद्यमी समूहकी अध्यक्ष राधिका हुमागाई, रुपा भूजेल,उमा उप्रेतीलाई सम्मान गरिएको थियो ।महोत्सव मूल आयोजक समितिका संयोजक विशाल थापाले स्वागत गरेको कार्यक्रममा पूर्वअध्यक्षहरुका तर्फबाट कुमार भट्टराई, महिला उद्यमी पार्वता खरेल विमली , सम्मानित व्यक्तित्वहरुका तर्फबाट दिनेश मित्तल , संविधान सभा सदस्य सुधिरकुमार शिवाकोटीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महासचिव कुशल खतिवडा र सञ्चारकर्मी केशव भट्टराईले संयुक्तरुपमा गरेका थिए ।

माघ १९ गते समापन गर्ने गरी महोत्सवको आयोजना गरिएकोमा दुई दिन समय थप गर्दै २१ गतेसम्म महोत्सव समापन गरिएको हो । बिर्तामोड उद्योग वाणिज्य संघको अगुवाइमा महोत्सव बिर्तामोड - ५ स्थित धर्मकाटा रोडमा आयोजना गरिएको थियो । महोत्सवमा स्थानीय उत्पादनदेखि अन्तर्राष्ट्रिय औद्योगिक घरानाका सामग्री बिक्रीका लागि राखिएको थियो ।

## नेपाली घिउले पाएन बजार



झापा(प्रस) । दुग्ध विकास संस्थान (डीडीसी) ले पहिलो पटक घिउ निर्यात गरेको पाँच वर्ष पुग्दा पनि अझै नयाँ ठूलो बजार पाउन सकेको छैन ।आर्थिक वर्ष २०७७/७८ देखि नेपालले ४७ लाख ४ हजार २२ रुपैयाँ बराबरको घिउ जापान निर्यात गरेको थियो ।डीडीसीले उत्पादन गरेको घिउ एक निजी कम्पनीले खरिद गरेर जापान निर्यात थालेको थियो । नेपालबाट पहिलो पटक सरकारी संस्थानमा उत्पादन भएको घिउ जापान निर्यात सुरु भएपछि यसले नेपाली घिउ व्यापारमा ‘ ब्रेक थ्रु’ गरेको थियो । त्यसपछि नेपाली डेरी उद्योगहरूकै पहलमा उद्योगीले अन्य देशमा समेत घिउ निर्यात थालिसकेका छन् । तर, डीडीसीले जापान बाहेक अन्य देशमा अहिलेसम्म बजार विस्तार गर्न सकेको छैन । यद्यपि, नेपाली डेरी उद्योगले पनि ठूलो बजार भने पाउन सकेका छैनन् । चालु आर्थिक वर्ष २०८१/८२ पहिलो ६ महिनामा ५ करोड ६८ लाख ८१ हजार रुपैयाँ बराबरको मात्र दुग्धजन्य पदार्थ निर्यात भएको छ । यो भनेको १ लाख २२ हजार ३ सय ४८ किलो दुग्धजन्य पदार्थ हो ।

बजार नहुँदा अहिले डीडीसीको देशभरिका गोदाममा ५ सय टनभन्दा बढी मखन थन्किएको छ । घिउ उत्पादन हुने मखनबाट हो, तर डीडीसीले पर्याप्त दूध बिक्री गर्न नसक्दा प्रशोधन गरेर मखन बनाउँदै गोदाममा राखेको छ ।

जापानमा मात्रै २ हजार ७ सय किलो घिउ निर्यात भएको छ, जुन निजी र सरकारी दुवै क्षेत्रको कुल परिमाण हो । यस्तै निजी क्षेत्रबाट ३८ लाख ४० हजार रुपैयाँ बराबर घिउ भारत निर्यात भएको छ । डीडीसीले अहिले घिउबाहेक अन्य उत्पादन केही पनि निर्यात गर्न सकेको छैन ।

## मोटरसाइकल दुर्घटनामा शरणामतीका सिटौलाको मृत्यु



झापा(प्रस)। झापाको कनकाई नगरपालिका वडा न. १ जुकेकल्भर्टमा भएको मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु भएको छ ।

सोमवार बिहान ४:३० बजे जुकेकल्भर्टस्थित पूर्वपश्चिम राजमार्गमा सुरुङ्गाबाट बिर्तामोडतर्फ आउँदैं गरेको मे ४ प ९५० नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई डाईभर्सनमा ठोक्किन गई दुर्घटना हुँदा मोटरसाइकल चालक झापा गाउँपालिका वडा न.६ शरणामती बस्ने अन्दाजी ५० वर्षीय हरिप्रसाद सिटौलाको मृत्यु भएको हो । टाउको र निधारमा चोट लागेर घाइते भएका सिटौलालाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड पठाएकोमा अस्पताल पुर्‍याउनसाथ चिकित्सकले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । घटना सम्बन्धमा थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# अन्ततः पूर्वउपराष्ट्रपति पुन फर्किए राजनीतिमा

झापा ।पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन माओवादी केन्द्रको आर्थिक तथा उत्पादन विभागको जिम्मेवारी पाएसँगै सक्रिय राजनीतिमा फर्किएका छन् ।यही पुस २१-२४ मा बसेको माओवादीको केन्द्रीय समिति बैठकले पार्टी संगठनलाई उत्पादनमा केन्द्रित गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार सोमबार बसेको माओवादी पदाधिकारी बैठकले पुनलाई आर्थिक तथा उत्पादन विभागको जिम्मा दिएको हो ।

यसअघि पुनलाई उपाध्यक्षमा मनोनयन गर्ने तयारी भए पनि उत्पादन विभागको जिम्मेवारीमा ल्याइएको हो । उनी पदाधिकारी बैठकमा भने आमन्त्रित सदस्यका रूपमा उपस्थित हुँदै आएका छन् । माओवादीभित्र पूर्वउपराष्ट्रपति पुनलाई पार्टी राजनीतिमा पुनः भित्र्याउने विषयमा विवाद भए पनि पदाधिकारी बैठकले भने उत्पादन विभागको जिम्मेवारी दिएको हो । उपमहासचिव हरिबोल गुजुरेलले पूर्वउपराष्ट्रपतिलाई आर्थिक तथा उत्पादनको जिम्मेवारी दिने निर्णय भएको जानकारी दिए । नेताहरूबाटै प्रश्न उठेपछि पूर्वउपराष्ट्रपति



पुनलाई उपाध्यक्ष बनाउने तयारी रोकिएको थियो । पदाधिकारी, स्थायी समिति र केन्द्रीय समिति बैठकमा सहभागी हुन थालेका पुनलाई उपाध्यक्षमा मनोनयन गर्ने तयारीमा अध्यक्ष पुष्पकमल दाहाल छन् ।

स्थायी समिति बैठकमा वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठलगायत नेताहरुले सम्मानित पदमा पुगेको व्यक्ति सक्रिय राजनीतिमा आउनु गलत हुने बताएका थिए ।

सशस्त्र द्वन्द्वका बेला अध्यक्ष दाहाल सुप्रिम कमान्डर, नन्दबहादुर पुन, वर्षमान पुन, जनार्दन शर्मा र चक्रपाणी खनाल माओवादी लडाकुको डेपुटी कमान्डर थिए । उनी २०७२ कात्तिकदेखि २०७९ चैतसम्म उपराष्ट्रपति थिए । २०७९ चैतमा रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भएसँगै पुनको पदावधि सकिएको थियो । यसयता डेढ वर्ष उनी कुनै राजनीतिक कार्यक्रम सहभागी भएका थिएनन् ।

२०२२ कात्तिक ७ गते रोल्पाको राङ्सीमा जन्मिएका नन्दबहादुर पुन २०७० मा भएको दोस्रो संविधानसभा निर्वाचनमा काठमाडौं क्षेत्र नं. ४ बाट प्रतिस्पर्धा गरे पनि कांग्रेसका गगन थापाबाट पराजित भएका थिए ।

पूर्वराष्ट्रपति वा पूर्वउपराष्ट्रपतिहरू राजनीतिक दलमा सक्रिय हुन संवैधानिक र कानुनी बन्देज भने छैन । तर राज्यको सर्वोच्च पदमा पुगिसकेका व्यक्तिहरू पुनः कुनै दल विशेषमा सक्रिय हुने कुरा व्यक्तिको नैतिकता र जिम्मवारीबोधसँग जोडिने विषय भएको राजनीतिक विश्लेशकहरू बताउँछन् ।

# मेचीनगरमा नाप तौलको परीक्षण सुरु

काँकरभिट्टा(प्रस)। मेची उद्योग बाणिज्य संघको आयोजनामा सोमवारदेखि व्यवसायीको नाप तौलको परीक्षण सुरु गरिएको छ । मेची उद्योग बाणिज्य संघको आयोजना र गुणस्तर तथा नापतौल कार्यालय



भद्रपुरको सहकार्यमा सोमवारदेखि व्यवसायीहरुको नाप्ने र तौल्ने उपकरणको परीक्षण, जाँच, नवीकरण, अनुमतिपत्र वितरण र अनुगमनको काम सुरु गरिएको हो ।

माघ २५ गतेसम्म सञ्चालन हुने उक्त कामको पहिलो दिन मेचीनगर-६, काँकरभिट्टा स्थित होटल दुवईल्याण्ड परिसरमा आयोजना गरिएको थियो । गुणस्तर तथा नापतौल कार्यालय भद्रपुरबाट खटिएको डोर टोलीमा कार्यालयका सहायक निरीक्षक अमितकुमार कर्ण, सीमीद्वय विजयनन्द चौधरी र अञ्जिता रेग्मी, कार्यालय सहायक पुना घिमिरे रहेका छन् ।

सहायक निरीक्षक कर्णले काँकरभिट्टाका ३० जना व्यवसायीले काँटा, ढक, लिटर, मिटर जाँच गरेर नवीकरण, नयाँ दर्ता र अनुमतिपत्र लिएको बताए ।माघ २२ गते मेचीनगर-७, ईटाभट्टा स्थित उत्तम किराना पसल छेउमा डोर टोली खटिने मेची उद्योग बाणिज्य संघका कार्यकारी निर्देशक गोपाल वस्नेतले जानकारी दिए । उनका अनुसार व्यवसायीको सहजताका लागि माघ २३ गते संघको सचिवालय धुलाबारी, माघ २४ गते धाइजन मोडस्थित अधिकारी एग्रो भेट्स छेउ र माघ २५ गते चारआली पूर्व बसस्टेण्ड मंगलदीप सप्लायर्स छेउमा नापतौलसम्बन्धी डोर टोली खटिने छ ।


## बिर्तामोड नगर अस्पताल

बिर्तामोड-३, बिर्ताबजार, झापा

### अस्पतालबाट प्रवाह हुने सेवाको समय तालिका

**प्रसूति सेवा** २४ घण्टे, नियमित

**इमरजेन्सी सेवा** प्रत्येक दिन, बिहान ७ देखि बेलुका ७ बजेसम्म

### ओ.पि.डी. सेवा

**टिकट काट्ने समय**
**आइतबारदेखि बिहीबारसम्म**
बिहान ७:०० बजेदेखि दिउँसो १:०० बजेसम्म
**शुक्रबार**
बिहान ७:०० बजेदेखि दिनको १२:०० बजेसम्म

**ओ.पि.डी. समय**
**आइतबारदेखि बिहीबारसम्म**
बिहान ७:०० बजेदेखि दिउँसो २:०० बजेसम्म
**शुक्रबार**
बिहान ७:०० बजेदेखि दिनको १:०० बजेसम्म

### विशेषज्ञ सेवाको समय

| | |
|---|---|
| स्त्रीरोग विशेषज्ञ | प्रत्येक दिन, बिहान ७:०० देखि ५:०० बजेसम्म |
| बालरोग विशेषज्ञ | प्रत्येक दिन बिहान ११:०० देखि दिउँसो १:०० बजेसम्म |
| मनरोग विशेषज्ञ | प्रत्येक दिन बिहान ११:०० देखि दिउँसो १:०० बजेसम्म |
| फिजिसियन | प्रत्येक बुधबार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |
| हाडजोर्नी विशेषज्ञ | प्रत्येक बिहीबार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |
| सर्जरी | प्रत्येक शुक्रबार बिहान १०:०० देखि दिनको १२:०० बजेसम्म |




# नवज्योति च्यालेन्ज कपमा मोरङको विजयी सुरुवात

बिर्तामोड(प्रस)। मोरङ कानेपोखरीको नव प्रगति समाजसेवा क्लब झापाको जयपुरमा सुरु आठौं संस्करणको नव ज्योति च्यालेन्ज कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

सोमवार भएको खेलमा झापाको काँकरभिट्टा फुटबल ट्रेनिङ सेन्टरलाई ३-२ गोल अन्तरले हराउँदै नव प्रगति अन्तिम चारमा पक्का भएको हो ।

नव प्रगतिका लागि खेलको तेस्रो मिनेट र ६७ औं मिनेटमा ओसन राईले गोल गरे । त्यस्तै, २४ औं मिनेटमा मिक्सन दासले एक गोल





थपे ।

काँकरभिट्टाका तर्फबाट प्रदिप बुढाथोकीले ३७ औं र ६० औं मिनेटमा गोल फर्काए ।

खेलमा नव प्रगतिले काँकरभिट्टालाई दबाबमा राखेको थियो ।

खेलको प्लेयर अफ द म्याच नव प्रगतिका दुई गोलकर्ता ओसन राई भए । उनले नगद ७ हजार र ट्रफी पाए ।

झापाको बुद्धशान्तिस्थित जयपुरमा जारी प्रतियोगिताअन्तर्गत मंगलवार दोस्रो क्वार्टरफाइनल खेल आयोजक नवज्योति युवा क्लब र रेड हर्स एफसी इलामबीच हुने क्लबका सचिव मुकेश भट्टराईले जानकारी दिए ।

क्लबका अध्यक्ष गोपाल पोखरेलका अनुसार प्रतियोगिताको विजेताले नगद दुई लाख २५ हजार र उपविजेता टिमले नगद एक लाख २५ हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

त्यस्तै, प्रतियोगिताको उत्कृष्ट गोलकिप्पर, सर्वाधिक गोलकर्ता र उदीयमान खेलाडीले नगद १० हजार तथा सर्वोत्कृष्ट खेलाडीले नगद १५ हजार रुपैयाँ पाउने छन् ।

# वडा सदस्यले धोका दिएपछि महिला सदस्यले विष खाइन्

झापा(प्रस) । झापाका दुई वडा सदस्यहरुबीचको असफल प्रेम कहानीको भाइरल साँचोलाई लुकाउन खोजिएको छ । एउटै पार्टीबाट निर्वाचित एउटै वडाका खुल्ला वडा सदस्यले धोका दिएको भन्दै दलित महिला सदस्यले सामाजिक संजालमा दुवैको फोटोसहितको स्टाटस लेखेर विष सेवन गरेको घटना लुकाउन खोजिएको हो । विष सेवन गर्ने ती दलित महिला सदस्यलाई फेसबुकबाट त्यो स्टाटस हटाउन लगाइएको छ । विष सेवन गरेकी गंभीर अबस्थाकी ती दलित महिला सदस्यलाई अस्पताल भर्ना गरिएको थियो । उपचारपछि उनलाई घर ल्याइएको छ । दुवै वडा सदस्य विवाहित हुन् । दुवैबीच अवैध सम्बन्ध बनेको थियो । दलित महिला सदस्यका श्रीमान् वैदेशिक रोजगारीमा छन् भने खुल्ला सदस्यका घरमा श्रीमती र छोरा छन् ।

विष सेवन गर्नुअघि ती दलित महिला सदस्यले सामाजिक संजालमा यस्तो स्टाटस लेखेकी थिइन् , 'मलाई फकाइयो र मलाई दुई तीन वर्षसम्म मायाको नाटक गरेर तपाईंको इच्छा पूरा गर्नुभयो । ठिक छ, त्यसपछाडि मैले पनि तपाईंलाई माया गर्न थालें। तपाईंले पनि मलाई अथाह माया गर्नुभयो तर पनि तपाईंले म अर्काको बुढी तपाईं अर्काको बुढा हुनुहुन्थ्यो। त्यही भएर समस्या आयो । त्यो समस्या आउने पनि थिएन तर तपाईंले छिट्टै बेवास्ता गर्नुभयो। वार्डमा आउँदा नबोल्ने अनि हप्काउने, धप्काउने गर्नुभयो । तँ कसको उचालेकोमा लागेकी छेस् भन्दै गालीगलौज गरियो। तर विश्वास पनि म कसैको उचालेकोमा पनि लागेको थिइनँ ।जब कि तपाईं र मेरो कुराहरु सुनिसकेपछि मलाई मेरो बुढाले पनि छोडिसकेको थियो। अनि बाँकी कुरा रह्यो मलाई विदेश पठाउने । हेरचाह म आफै गर्छु भनेर भन्नुभएको थियो। त्यही भएकोले गर्दाखेरि अब तपाईंलाई समस्या आयो तपाईलाई समस्या आइसकेपछि तपाईंको बुढी अब मलाई हेर्न दिएन ।मलाई हेर्न नदिएपछि सम्झौतामै कागजहरू..... । '

पहिला माया गरेर पछि ती खुल्ला वडा सदस्यले बेवास्ता गरेपछि आफूले आत्महत्या गर्न लागेको उनले उल्लेख गरेकी छन् । ती दलित महिला सदस्यको उपचार खर्च सम्बन्धित पालिकाले बेहोरेको बताइएको छ । बिरामी ठीक भएर आइसकेपछि आत्महत्याको प्रयास गर्नुपर्ने कारणबारे खोजी गरेर धोका दिने वडा सदस्यकहाँ जाने पीडित दलित महिला सदस्यका एक आफन्तले बताए ।


## आवश्यकता

**एकजना अनुभवी एकाउन्टेन्ट (Accountant) कर्मचारीको आवश्यकता भएकोले तु-सम्पर्क गर्नुहोला ।**

**सम्पर्क:**

**बिर्ता बाईक एसेसरिज**

**बिर्तामोड, झापा**

९८०४९७११०३४



## वैदेशिक रोजगारमा जाँदा ख्याल राख्नुपर्ने कुराहरू

- वैदेशिक रोजगारीका बारेमा राम्ररी बुझेर मात्रै जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा सम्बन्धित देशको नियम कानूनको बारेमा जानकार रहौं,
- आधिकारिक प्रमाणपत्र र कागजात बनाएर मात्रै वैदेशिक रोजगारीमा जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा बैधानिक बाटो प्रयोग गरौं,
- सरकारबाट प्रदान गरिने आधारभूत प्रशिक्षण लिएर मात्रै वैदेशिक रोजगारीमा जाऔं,
- वैदेशिक रोजगारीका नाममा अनेक झुट्टा प्रलोभन देखाएर ठगीको सिकार हुन सक्ने भएकाले सजग रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/१०/२२**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल:**

<table>
<tr><th>क्र. सं.</th><th>ऋणी/धितो जमानतकर्ताको नाम थर तथा तीनपूस्ते बिवरण</th><th>कर्जा शिर्षक</th><th>धितो सुरक्षणको विवरण</th></tr>
<tr><td rowspan="3">१</td><td>शाखा कार्यालय: सोमबारे<br>ऋणी/धितो जमानतकर्ता: गंगा बहादूर तामाङकी छोरी, संजय गिरीकी पत्नी नागरिकता वमोजिम झापा जिल्ला पृथ्वीनगर गा.वि.स. वडा नं.०८ स्थायी ठेगाना भै हाल झापा जिल्ला भद्रपुर न.पा. वडा नं.२ बस्ने मिति २०६९/०७/२३ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं.०४-०१-६९-०८४०९ भएकी बर्ष ३४ की सुनिता गिरी</td><td>आवाश कर्जा</td><td>सूनिता गिरीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला,पृथ्वीनगर गा.वि.स.वडा नं.०६ स्थित कि.नं.५४३ को क्षेत्रफल ५०७.९० व.मी. जग्गा (सो जग्गामा निर्मित पक्की घर) र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।</td></tr>
<tr><td colspan="3">व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तीनपुस्ते विवरण</td></tr>
<tr><td colspan="2">नाम : दिलराम गिरी<br>बाबू : महेन्द्र गिरी<br>बाजे : श्रीमान गिरी<br>ना.प्र.नं. : ६६४/९६९ (२०४४/०९/२४ इलाम)<br>ठेगाना : इलाम जिल्ला समालबुङ गाउ पञ्चायत वडा नं. ३ स्थायी ठेगाना भइ हाल: झापा जिल्ला भद्रपुर न.पा. वडा नं.२ बस्ने ।</td><td>नाम : अमृतमाया गिरी<br>बाबू : जयनारायण प्रधान<br>पति : दिलराम गिरी<br>ना.प्र.नं.०९७० (०४४/११/०१ इलाम)<br>ठेगाना: इलाम जिल्ला समालबुङ गाउ पञ्चायत वडा नं.३, हाल: झापा जिल्ला भद्रपुर न.पा. वडा नं.२बस्ने ।</td></tr>
</table>

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

# बिमा सुविधा सहज बनाऊ

**सरकारमा रहनेहरू नागरिकलाई उपचारका लागि बिमा सुविधा प्रदान गरेको दाबी गर्छन् । तर, सेवा लिन जानेहरू अत्यन्त ठूलो पीडामा रहेका छन् । यसको सुपरिवेक्षण गर्ने र यसलाई सहजीकरण गर्न सकिन्छ कि भन्ने चिन्ता सरकारमा रहनेहरूमा देखिँदैन । यथार्थमा सरकारमा रहनेहरू प्रायः सम्बन्धित क्षेत्रका माफियाहरूबाट परिचालित छन् । यो बिमा कार्यक्रममा पनि यही अवस्थाको अनुभूति भइराखेको छ**

**सरकारमा रहनेहरू नागरिकलाई उपचारका लागि बिमा सुविधा प्रदान गरेको दाबी गर्छन् । तर, सेवा लिन जानेहरू अत्यन्त ठूलो पीडामा रहेका छन् । यसको सुपरिवेक्षण गर्ने र यसलाई सहजीकरण गर्न सकिन्छ कि भन्ने चिन्ता सरकारमा रहनेहरूमा देखिँदैन । यथार्थमा सरकारमा रहनेहरू प्रायः सम्बन्धित क्षेत्रका माफियाहरूबाट परिचालित छन् । यो बिमा कार्यक्रममा पनि यही अवस्थाको अनुभूति भइराखेको छ । किनकि यस स्तम्भकार स्वयंले प्रायः सबै परीक्षण समाप्त गर्दा ६ हजार रुपैयाँबराबरको सुविधा प्राप्त गरेको रहेछ । यो सुविधा सालमा बढीमा चारपटक लिन सकिने अवस्था छ । किनकि चिकित्सकहरूले ३ महिनाका लागि औषधि सिफारिस गर्ने र तीन महिनापछाडि पुनः फलो अपका लागि आउन सुझाएका छन् । यस अर्थमा करिब २५ हजारको परीक्षण एक व्यक्तिले गर्न सक्दा रहेछन् । यो पनि डाक्टरसँग स्पष्टसँग आफ्ना कुराहरू राख्न सक्ने र डाक्टरहरूले परीक्षण गर्नुपर्ने निश्चय गरेका विषयहरूमा पनि आफ्नो समस्याका कारण परीक्षण गराउन माग राखी स्वीकृत गराउन सक्ने सचेत बिरामीहरूले मात्र गर्ने हुन् । अन्यथा सामान्य रगत परीक्षण गरी सालको बढीमा सरदर १० हजारको परीक्षण गरी १ लाखको बिमाको प्याकेज समाप्त हुने रहेछ ।**

**सर्वप्रथम अस्पतालमा जुनजुन अस्पतालमा राष्ट्रिय बिमा समितिले यो सुविधा पाउनेगरी तोकिदिएको छ । यसैमा सुधार जरुरी छ । लामो दूरीमा रहेका तोकिएका अस्पतालहरूमा मात्र यो सुविधा किन ? जहाँ सुविधा हुन्छ, सोही अस्पतालमा गएर सेवाग्राहीहरूले सुविधा लिन पाउनुपर्छ । यसमा सीमित अस्पतालहरू तोकिनु आफैंमा त्रुटिपूर्ण छ । दोस्रो हो, यस बिमा सुविधाले समेट्ने के के उपचारहरू हुन् ? यसको स्पष्ट जानकारी सेवाग्राहीहरूले प्राप्त गर्नुपर्छ । अस्पतालको लाइनमा बसेर काउन्टरमा पुग्दा तपाईंको परीक्षण गर्न थप भुक्तानी गर्नुपर्छ किनकि ती सुविधाहरू यो बिमा प्याकेजमा समावेश छैन । काउन्टरले सेवाग्राहीलाई यी कुराहरू बताइरहँदा बिमकलाई अथवा सेवाग्राहीलाई प्रदान गरिने डाक्टरको सिफारिस वा वडा कार्यालयबाट प्रदान गरिने कार्डमा नै स्पष्ट गर्दा उपयुक्त हुन्छ । यसले गर्दा बिरामीहरू आफ्नो उपचारमा के कति रकम आफैंले ब्यहोर्नुपर्ने हो ? के कति रकम बिमा कार्यक्रमले समेट्ने हो ? प्रस्ट हुनेछ । यति सामान्य विषयहरूमा समेत सरकारको ध्यान पुगेको छैन । तेस्रो हो, सुविधा यो यो विषयमा पाइन्छ, यी रोगहरूको परीक्षण गर्न पाइन्छ भन्ने स्पष्ट पारिसकेपछि ती रोगहरूको परीक्षण जहाँसुकै गरेर बिल पेस गर्दा बिमाले सहजै भुक्तानी गर्ने व्यवस्था मिलाउन सकिन्छ ।**



Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# हिउँदे अधिवेशनबाट अपेक्षा



• रामजी दाहाल

कानुन निर्माणमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको भनी सांसदहरूको आलोचना भइरहेको सन्दर्भमा संघीय संसद्को दुवै सदनको हिउँदे अधिवेशन गत शुक्रबारदेखि सुरु भएको छ । सामान्यतया संसद्को बर्से अधिवेशन सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटकै विषय वस्तुमा बढी केन्द्रित हुने गर्छ भने हिउँदे अधिवेशन विधेयकमा केन्द्रित हुन्छ । त्यसै कारण हिउँदे अधिवेशनलाई विधेयक अधिवेशन पनि भनिएको हो ।

राज्यका तीन अङ्गमध्येको प्रमुख एक अङ्ग व्यवस्थापिका संसद्को मुख्य काम भनेकै कानुन बनाउने हो । निर्वाचित जनप्रतिनिधि जनसरोकारका विषयमा यही थलोमा बसेर गम्भीर बहस र छलफल गर्छन् । एउटा निर्णयमा पुग्छन् । अर्थात् उनीहरू जनभावना बुझेर त्यसै अनुसार निर्णय गर्छन् । त्यस अर्थमा संसद् भनेको लोकतन्त्रको उच्चतम अभ्यास गर्ने थलो हो । कानुन निर्माण मात्र होइन, समसामयिक विषयलाई संसद्मा प्रवेश गराउने अनि सरकारलाई जवाफदेही बनाउने जस्ता दिशामा सांसदको अहम् भूमिका हुन्छ । सरकारलाई जवाफदेही बनाउने सन्दर्भमा प्रतिपक्षी सांसदको भूमिका बलियो र महत्वपूर्ण हुन्छ । कतिपय अवस्थामा सत्तापक्षका सांसदले सरकारका निर्णयको बचाउ गरेका बेलामा सरकारलाई खबरदारी गर्ने दायित्व प्रतिपक्षी दलको हुन्छ । त्यस अर्थमा भन्न सकिन्छ कि बलियो प्रतिपक्षी हुँदा मात्र संसद्को भूमिका प्रभावकारी बन्न सक्छ । अनि मात्र संसद्बाट पारित हुने कानुन नागरिकका पक्षभन्दा बाहिर जान सक्दैन । यो महत्वपूर्ण भूमिकालाई बिर्सेर सांसदहरूले अधिवेशनमा नियमित उपस्थित हुन र सक्रियता देखाउन छाडेका छन् । कानुन निर्माणको गति ज्यादै सुस्त हुनुको मुख्य कारण यही नै हो । सांसदहरूले आफ्नो उपस्थितिको महत्व बुझ्न नसक्दा कानुन निर्माणले गति लिन नसकेको हो ।

हुन त संसद् प्रभावकारी हुन नसकेको विषयमा सत्तापक्ष र प्रतिपक्षका सांसदले उत्तिकै चिन्ता र चासो व्यक्त गर्ने गरेका छन् । सरकार परिवर्तनपछि तिनका चासो र चिन्ता बदलिने गरेको पाइन्छ । जबकि संसद्लाई प्रभावकारी बनाउन के सत्तापक्ष र के प्रतिपक्ष दुवैको भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ । किनभने जनसरोकारका विषयमा गम्भीर छलफल र बहस गर्ने ठाउँ भनेकै सार्वभौम संसद् हो । यस्तो महत्वपूर्ण भूमिका बिर्सेर सांसदहरू दलीय स्वार्थमा अलमलिन पुग्दा सिङ्गो संसद् निष्प्रभावी हुन पुगेको हो । संसद् अधिवेशन आह्वानपछि मात्र होइन, आवश्यक परेका बेला दलहरूले बैठकका बिचमा पनि आफ्ना सांसदका लागि अभिमुखीकरण गराउनु पर्छ । कुनै दलले त्यस्ता अभिमुखीकरण गरेको भए पनि ती औपचारिकतामा सीमित छन् । त्यस कारण विगतका अधिवेशनको समीक्षा गर्दै चालु अधिवेशनलाई कसरी उपलब्धिमूलक बनाउने भनेर दलहरूले योजना बनाउनु पर्थ्यो । यो विषयमा यस पटक पनि दलहरू चुकिसकेका छन् । त्यसो गर्न सकेको भए योजना अनुसार सांसदहरू प्रस्तुत हुन सक्थे र विषय वस्तुलाई फरक ढङ्गबाट उठान गर्न सक्थे । गृहकार्यबिना प्रस्तुत हुँदा कतिपय सांसदले विषय वस्तु नै बुझ्न सकेका हुँदैनन् । जसले गर्दा तिनका प्रस्तुति कमजोर भई नै हाल्छन् । यस दिशामा कुनै पनि दल गम्भीर भएको पाइँदैन । सांसदहरूलाई बलियो बनाउन संसदीय दलले सम्बन्धित विषयका विज्ञसँग बेलाबेलामा छलफल र अन्तर्क्रिया गराउनु पर्छ । जसले गर्दा आफ्ना सांसदले विषय वस्तुको गहिराइमा पुगेर बुझ्न सकून् ।

**विचाराधीन विधेयक**

संसद्मा यतिबेला २० वटा विधेयक विचाराधीन छन् । संसद् सचिवालयका अनुसार प्रतिनिधि सभा अन्तर्गतको अर्थ समितिमा पाँच, राज्य व्यवस्था तथा सुशासन समितिमा चार, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दुई विधेयक विचाराधीन छन् । त्यस्तै पूर्वाधार विकास समितिमा दुई, कानुन, न्याय मानव अधिकार समितिमा एउटा र उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा एउटा विधेयक विचाराधीन छन् ।

तीमध्ये 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' अहिले राज्य व्यवस्था तथा सुशासन समितिमा दफाबार छलफलका क्रममा छ । संसद्मा यो विधेयक पेस भएको लामो समय बितिसकेको छ । जुन संघीयता अनुसारको प्रशासनिक पुनर्संरचना गर्न अत्यावश्यक छ । यसै गरी विद्यालय शिक्षासँग सम्बन्धित 'विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दफाबार छलफलका क्रममा छ । भ्रष्टाचार, जलस्रोत, विद्युत्, विद्युतीय व्यापार, मिडिया काउन्सिललगायतका क्षेत्रसँग सम्बन्धित विधेयक विचाराधीन अवस्थामा छन् ।

पछिल्ला वर्षमा संसद् कानुन बनाउने आफ्नो मुख्य दायित्वप्रति उदासीन रहँदै आएको छ । पछिल्लो दुई वर्षमा संसद्मा दर्ता भएर त्यहाँबाट प्रमाणीकरण भएको विधेयकको संख्या मात्र १७ छ । यसमध्ये सात वटा त बजेटसँग सम्बन्धित नै छन् । यसको अर्थ पछिल्लो दुई वर्षमा संसद्बाट १० वटा मात्र विधेयक प्रमाणीकरण भएका छन् । यसबाट प्रस्ट हुन्छ कि संसद्मा कानुन निर्माणले प्राथमिकता पाउन सकेको छैन ।

**अब त्यस्तो नहोस्**

नेपालको संविधान २०७२ को धारा ९४ मा कुनै पनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेस गर्न प्रतिनिधि सभाको एक चौथाइ सदस्यको अनिवार्य उपस्थित हुनुपर्ने व्यवस्था छ । संविधानमा उल्लेख गरिएको यो व्यवस्था अनुसार २७५ सदस्यीय प्रतिनिधि सभामा ६९ सांसदको उपस्थित हुँदा मात्र गणपूरक सङ्ख्या पुग्छ । कतिपय पटक सांसदहरूको गणपुरक संख्या उपस्थित नहुँदा प्रतिनिधि सभाको बैठक स्थगित गर्नु परेको छ ।

१० फागुन २०७९ मा सभामुख देवराज घिमिरेले 'राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) विधेयक' लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालबाट विरोधको सूचना प्राप्त भएको व्यहोरा बैठकमा जानकारी गराउनुभयो । सुवालले विरोध गर्नुको कारण खुलाउनुभयो । उक्त विरोधमाथि तत्कालीन सञ्चारमन्त्री रेखा शर्माको जवाफ सुवाललाई चित्त बुझेन । उहाँले आफ्नो विरोधको सूचना फिर्ता नलिएपछि सभामुखले त्यसलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो । त्यहीबेला एमाले सांसद महेशकुमार बर्तौलाले सदनमा गणपूरक संख्या अपुग भएको प्रश्न उठाउनुभयो । सभामुखले तीन मिनेटको जनाउ घन्टी बजाई उपस्थित सांसदको संख्या गणना गर्दा ६५ मात्र थियो । आवश्यक संख्या नपुगेपछि त्यस दिनको बैठक बाँकी कार्यसूचीमा प्रवेश नगरी स्थगित गरियो ।

१२ भदौ २०८० मा प्रतिनिधि सभा बैठकमा तत्कालीन कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८० माथि विचार गरियोस्' भन्ने प्रस्ताव पेस गर्नुभयो । उक्त विधेयक विभिन्न ७९ वटा कानुन संशोधन गर्ने गरी तयार पारिएको थियो । सभामुख घिमिरेले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्न लाग्दा सांसदहरू सुमना श्रेष्ठ, दामोदर पौडेल 'वैरागी' र ठाकुर गैरेले गणपूरक संख्या नपुगेको भन्दै नियमापत्ति जनाउनुभयो । त्यस दिन प्रतिनिधि सभामा उक्त प्रस्तावमाथि छलफल गर्ने कार्यसूची रहेकोमा गणपूरक संख्या नपुगेपछि १८ भदौसम्मका लागि बैठक स्थगित गरियो ।

सांसदहरूका कारण मात्र होइन, कहिलेकाहीँ मन्त्रीहरूका कारण पनि बैठक स्थगित भएका उदाहरण छन् । प्रतिनिधि सभाको बैठक सञ्चालन गर्न सभामा कम्तीमा एक जना मन्त्रीको उपस्थिति अनिवार्य हुन्छ । कहिलेकाहीँ मन्त्री नै उपस्थित हुँदैनन् । १७ असार २०८१ मा प्रतिनिधि सभा बैठक सुरु हुँदा एक जना पनि मन्त्री देखिएनन् । कांग्रेस सांसद रामकृष्ण यादवले मन्त्री अनुपस्थित रहेको भन्दै प्रश्न गरेपछि सभामुख घिमिरेले १५ मिनेटका लागि बैठक स्थगित गर्नुभयो । केही समयमा मन्त्री आएपछि बल्ल बैठक सञ्चालन भयो । त्यसको १० दिनपछि २ब७ असारको बैठकमा पुनः मन्त्री आइदिएनन् । बैठक सुरु हुनासाथ कांग्रेस सांसद रामहरि खतिवडाले एक जना मन्त्री पनि नभएको भनी आपत्ति जनाउनुभयो । त्यसपछि सभामुखले त्यस दिनको बैठक स्थगित गर्नुभयो । यसअघि २९ साउन २०७९ मा प्रतिनिधि सभाको बैठक कोरम नपुगेर स्थगित भएको थियो । त्यस दिन संसदको कार्यसूचीमा सार्वजनिक ऋण विधेयक २०७९ पारित गरियोस् भन्ने प्रस्ताव रहेको भए पनि कोरम नपुगेका कारण बैठक स्थगित गरिएको थियो ।

कानुन निर्माणसँगै जनसरोकारका विषयमा संसद्मा हुने छलफलले नै संसद्लाई जीवन्त बनाउँछ । यति मात्र होइन, लोकतान्त्रिक अधिकारको उच्चतम प्रयोग गर्ने थलो पनि हो संसद् । त्यसकारण संसद्को चालु हिउँदे अधिवेशनबाट लामो समयदेखि विचाराधीन महत्वपूर्ण विधेयक टुङ्गो लगाउने र कानुन निर्माणमा सक्रिय हुन सके मात्र हिउँदे अधिवेशन साँचो अर्थमा विधेयक अधिवेशन हुने छ ।

# शिक्षा विधेयकमा समेट्नुपर्ने विषय



• हरिसिंह केसी

विद्यालय शिक्षा विधेयकमा सरोकारी निकाय तथा व्यक्तिले गम्भीर चासो देखाएका छन् । यो विधेयक गहन राष्ट्रिय मुद्दा भएकाले यस्तो चासो स्वाभाविक पनि हो । ५२ वर्षपछि आउन लागेको सो विधेयकका १६३ दफामा १५२ जना सांसदको समूहले एक हजार ७५८ संशोधन प्रस्ताव दर्ता गराएका छन् । अन्य विधेयकमाथिको संशोधन संख्यासँग तुलना गर्दा पनि विद्यालय शिक्षा विधेयकको गाम्भीर्य स्पष्ट हुन्छ ।

नेपालका विभिन्न विश्वविद्यालय अन्तर्गत (आङ्गिक, सामुदायिक र संस्थागत) का एक हजार ४३२ क्याम्पसमध्ये ५०५ क्याम्पसमा एक सयभन्दा कम विद्यार्थी छन् । यस्तै सत्ताइस हजार ९९० सामुदायिकमध्ये पन्ध्र हजार ९६५ विद्यालयमा एक सय जनाभन्दा कम छन् । यस्तो अवस्थामा विद्यालय र क्याम्पस मर्जर अथवा खारेजी दुईमध्ये एक प्रक्रिया विकल्प हुन सक्छ । अङ्ग्रेजी अध्ययन गर्ने नाउँमा गाउँका विद्यालय खाली हुँदै गए । अहिले उच्च शिक्षा पढ्ने क्रममा सहर पनि खाली हुँदै छन्, मानौँ नेपाल खाली हुँदै छ । यसरी नै समस्या बढ्दै जाने हो भने विद्यालय र उच्च शिक्षा समस्याग्रस्त मात्र होइन सङ्कटग्रस्त हुने छन् । यही परिवेशमा विद्यालय शिक्षा विधेयकमाथि सरकोकारवाला, राजनीतिक दल, सांसदहरू, विद्यार्थी सङ्गठन शिक्षाविद्को वस्तुनिष्ठ सुझबुझ आवश्यक छ ।

विद्यालय शिक्षा विधेयक छिट्टै आउनु पर्छ भन्ने सबै सरोकारवालाको साझा धारणा तथा माग छ । विधेयकमा विभिन्न दृष्टिकोण हुनु स्वाभाविक हो तर यसलाई सहमतिको साझा दस्ताबेज मानेर अघि बढ्नु पर्छ । जसरी पनि जस्ताको त्यस्तै विधेयक संसद्मा प्रस्तुत गर्छु भन्नु र आफ्ना माग पूरा नभए विधेयक ल्याउनै नदिने जस्ता हठबाट माथि उठेर जतिसक्दो छिटो विधेयक ल्याउनुपर्नेमा जोड दिनु पर्छ । यो विधेयकले सबै आवश्यकता र अपेक्षा पूरा नभए पनि केही न केही अग्रगामी निकास दिने छ । सबैको अडान र माग पूरा गरेर मात्र विधेयक ल्याउनेतर्फ अगाडि बढेमा विधेयक आउन सक्दैन । सबै असन्तुष्टिलाई विधेयकमा समेट्न सम्भव नहुने भएकाले असन्तुष्टिलाई समेट्दै लैजाने वातावरण तयार गर्दै जानु पर्छ । विधेयकका केही सन्दर्भमा भने स्पष्ट हुनुपर्ने छ । यो विधेयकबाट सबै कुरा प्राप्त हुँदैन तर धेरै उपलब्धि प्राप्त गर्न सकिन्छ । पटक पटक यस्ता कानुन बनाउन सहज नहुने भएकाले कुनै पनि अवस्थामा यो विधेयकलाई मार्ग प्रसस्त गर्नु पर्छ । थप आवश्यकता र असहमतिलाई सम्बोधन गर्दै जान सकिन्छ ।

विद्यालय कसले चलाउने भन्नेमा पनि सरकार स्पष्ट हुनु पर्छ । नेपालको सन्दर्भमा सरकार, निजी, सेना, प्रहरी, विदेशी संस्थाले विद्यालय चलाएका छन् । विश्वको उदाहरण हेर्ने हो भने विद्यालय सञ्चालनमा मूलतः सरकारी, संस्थागत र गुठीको अभ्यास भएको देखिन्छ । यस्तै विद्यालय शिक्षाको मोडेल कस्तो बनाउने अर्को ठुलो चुनौती छ । शिक्षा देशको आवश्यकता र विश्व बजारसँग जोडिनु पर्छ । मूलतः विधेयकले व्यावहारिक, प्रयोगात्मक, गरी खाने, ज्ञानमुखी, अनुसन्धानमुखी, जीवनोपयोगी र समाजमैत्री, नैतिकपूर्ण, देशभक्ति बजारमुखी, आधुनिक तथा मौलिक संस्कारयुक्त शिक्षालाई जोड दिनु पर्छ । विधेयकमा केही हदसम्म यस्ता आवश्यकता सम्बोधित छन्, तिनलाई सबै क्षेत्रको संवाद, सहमति र सहकार्यले अझ बढी परिणाममुखी बनाउन सकिने भएकाले यो विधेयकलाई 'असहमतिको सहमतीय' दस्ताबेज बनाऔँ ।

यसका लागि शैक्षिक फाँट र राजनीतिक तहमा छलफल गरेर समाधान खोजिनु पर्छ । देशलाई आवश्यक पर्ने शिक्षा कस्तो हो त्यसमा सम्बन्धित सरोकारवालासँग छलफल गरेर ब्लु प्रिन्ट (खाका) तयार पार्नु पर्छ ।

विद्यालय शिक्षा सुधारका लागि प्रारम्भिक बाल विकास शिक्षा केन्द्रको व्यवस्थापन, शिक्षकलाई उत्साहित तथा अभिप्रेरित गर्न सरकारी कर्मचारीको सरह सेवा, सुविधा र मर्यादाको प्रत्याभूति गर्नु पर्छ । शिक्षकमा पनि विशिष्ट श्रेणीको तह तथा मर्यादाक्रम, विशेष अस्पताल, शिक्षकलाई नियमित प्रशिक्षणका लागि राष्ट्रिय तहमा शिक्षक प्रतिष्ठानको व्यवस्था, पेसागत ट्रेड युनियनलगायतका अधिकार सुनिश्चित गरी शिक्षण पेसा पहिलो रोजाइमा पर्ने वातावरण तयार गर्नु पर्छ । उत्कृष्ट व्यक्ति वा राज्यका अब्बल व्यक्ति शिक्षण पेसामा संलग्न हुने वातावरण तयार गर्नु पर्छ । अहिले स्थायी, करार, राहत जस्ता विभिन्नथरीका शिक्षक छन्, त्यो हुनु हुँदैन । एकैथरीको शिक्षक हुने व्यवस्था मिलाउनु पर्छ । विद्यार्थीका शैक्षिक हकहित र अधिकारका प्रावधान विधेयकमा आएका छैनन्, त्यो आउनु पर्छ । यसै गरी सिर्जनशील र इनोभेटिभ शिक्षण विधि, गुणस्तरीय शिक्षाको प्रत्याभूति गरिनु पर्छ । अभिभावकमध्येबाटै विद्यालय व्यवस्थापन समिति गठन गर्नु पर्छ । अभिभावकको छनोट गर्दा चुनावमा टिकट पाएर हारेकालाई छान्ने व्यवास्था गर्नु हुँदैन । व्यवस्थापन समितिमा आउने व्यक्ति निष्पक्ष, समाजले पत्याएको वा समाजसेवी र साथै व्यवस्थापन समितिमा आउने व्यक्तिको पनि निश्चित योग्यता तोक्नु पर्छ ।

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको लगानी वा अनुदानमा सञ्चालित विद्यालय सफल, अब्बल, परिणाममुखी, गुणस्तरीय शिक्षाको सुनिश्चितसहित विद्यार्थी र अभिभावको पहिलो रोजाइमा पढ्ने वातावरण राज्यले विधेयकमार्फत प्रस्तुत गर्न सक्नु पर्छ । विधेयकमा गुणस्तरीय शिक्षा, गुणस्तरीय दक्षता गुणस्तर मापनका तौरतरिका र विद्यार्थीको मूल्याङ्कन तथा शिक्षकको स्वमूल्याकङ्नका स्पष्ट आधार उल्लेख हुनु पर्छ । प्रधानाध्यापकको छनोट सिधैँ आयोगबाट हुनुपर्ने र पाँच वर्ष सरुवा नगर्ने, प्रधानाध्यापकलाई विद्यालय सञ्चालन गर्न आवश्यक पर्ने जनशक्ति, आर्थिक स्रोतलगायत शिक्षासँग सम्बन्धित अन्य कानुनी र व्यावहारिक मुद्दाका अनुशिक्षण उपलब्ध गराउनु पर्छ । प्रधानाध्यापक र सम्बन्ध निकायबिच कार्यसम्पादन करार गरी विद्यालय सुधार तथा गुणस्तरीय शिक्षा योजना लागु गर्नु पर्छ । सबै शिक्षकले आफूले अध्यापन गराउने विषयको योजना र विद्यार्थी उत्तीर्ण लक्ष्य बनाई पालिकाको वेबसाइटमा राख्ने व्यवस्था हुनु पर्छ । शिक्षकका वा स्वचालित मूल्याङ्कन विधिमार्फत प्रोत्साहन तथा दण्डको व्यवस्था हुनु पर्छ ।

प्रारम्भिक बाल विकासको अध्ययन अवधि एकको सट्टा दुई वर्षीय बनाइनु पर्छ । यस केन्द्रमा नियुक्ति हुने सहजकर्ताको न्यूनतम शैक्षिक योग्यता प्रारम्भिक बाल विकासको तालिमसहित १२ कक्षा उत्तीर्ण र नियुक्ति, सेवा तथा सुविधा अन्य शिक्षकसरह गरिनु आवश्यक छ । स्थानीय सरकार र शिक्षकबिचको सैद्धान्तिक तथा व्यावहारिक अन्योल निरूपणलाई विधेयकमा स्पष्ट पारिनु पर्छ । पाठ्यक्रम वा परीक्षाको केन्द्रीकरण वा विकेन्द्रीकरण कुन तहसम्म कसरी गर्ने, परीक्षा प्रणाली मूल्याङ्कन विधिमा परिमार्जनको आवश्यकता देखिएको छ । संविधानको धारा ३१ को मर्म अनुसार आधारभूत तह (एकदेखि कक्षा आठसम्म) को शिक्षा पूर्ण रूपमा निःशुल्क र अनिवार्य गर्नु सरकारको दायित्व हो ।

माध्यमिक तहसम्मको शिक्षा पनि संविधानको भावना अनुसार निःशुल्क गर्नु पर्छ । सार्वजनिक विद्यालयले शुल्क लिन पाउने व्यवस्था छैन । निःशुल्क शिक्षा प्राप्तिका लागि स्रोतको व्यवस्थापन कसरी गर्न सकिन्छ भनेर विधेयककमा उल्लेख हुनु पर्छ । निःशुल्क शिक्षामा केही हदसम्म निजी क्षेत्रले पनि सहयोग गर्दै आएको छ, थप सहयोग गर्ने छ । कक्षा १० को परीक्षा संघ वा प्रदेश कुन तहले गर्नेमा पनि स्पष्ट हुनु पर्छ । कक्षा १० परीक्षा नगर्ने हो भने गुणस्तरमा समस्या आउन सक्छ भन्ने चिन्ता र चासो पनि सम्बोधन गरिनु पर्छ । विद्यालय शिक्षा विधेयक उच्च शिक्षा अथवा विश्वविद्यालयसँग जोडिनु पर्छ, यसरी विधेयकलाई केही हदसम्म व्यावहारिक र उत्पादनमुखी बनाउन सकिन्छ ।

शिक्षा क्षेत्र सरकार एक्लैको लगानी वा संलग्नताले सञ्चालन हुन सक्दैन । सरकार एक्लैले गर्न सक्छु भन्यो भने ठिकै छ तर समुदाय वा संस्थागत उपस्थिति खोज्ने हो भने त्यसका लागि उदार बाटो लिनु पर्छ । अहिले जसलाई निजी क्षेत्रका शैक्षिक संस्था (संस्थागत) भनिएको छ, उनीहरूले संस्थागत रूपमा विद्यालय शिक्षामा सामाजिक उत्तरदायित्व सहित लगानी गरेका छन्, जहाँ मुलुकका झन्डै २९ प्रतिशत विद्यार्थी पढ्दै आएका छन् । रोजगारी र राजस्वमा योगदान दिएका छन् । निजी क्षेत्रलाई निषेध गर्न सकिँदैन ।

संस्थागत विद्यालयलाई शैक्षिक गुठीमा रूपान्तरण गर्ने र शैक्षिक गुठीमा रूपान्तरण गरिनुअघि त्यस्ता विद्यालयको दायित्व फरफारक गर्ने व्यवस्था विधेयकमा उल्लेख छ । उनीहरूको लगानी प्रत्याभूति र जायजेथाको संरक्षण सरकारले गर्नु पर्छ । शिक्षामा सबै म गर्छु भन्ने साहस सरकारले गर्छ भने संस्थागत (निजी) क्षेत्रको उपस्थिति आवश्यक छैन । शिक्षाबाट हात झिकेको निजी क्षेत्रले उत्पादनको अर्को सेक्टरमा लगानी गर्छ, जहाँ उच्च प्रतिफलको सम्भावना छ । होइन, संविधानले परिकल्पना गरेअनुरूप शिक्षामा साझेदारी गर्ने हो भने निजी क्षेत्रलाई उपेक्षा गर्न सम्भव छैन ।

# बिर्तामोडमा अहिलेसम्मकै ठूलो धार्मिक र्‍याली (तस्वीरसहित)

झापा, माघ २१ । झापाको बिर्तामोडमा अहिलेसम्मकै ठूलो धार्मिक र्‍याली निकालिएको छ । बिर्तामोड ५ मा नवनिर्मित गायत्री माताको मन्दिरमा प्राण प्रतिष्ठा गर्नुअघि आज बिहान निकालिएको धार्मिक र्‍याली अहिलेसम्मकै ठूलो भएको बताइएको छ । नेपालका प्रथम जगतगुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजको सहभागितामा निकालिएको र्‍यालीमा २ हजार बढी सहभागी रहेको आयोजकले जनाएको छ । सहभागीहरुका लागि करिव २ हजार वटा गायत्री माताको झन्डा तयार गरिएको थियो । नौमती बाजा, सुरक्षा निकायका ब्यान्ड, सन्थाल नृत्य ,स्काउटसहितको र्‍यालीमा भक्तजन, विभिन्न संघ संस्थाका प्रतिनिधि, सुरक्षाकर्मीलगायतको सहभागिता रहेको थियो । गायत्री माताको मन्दिरबाट शुरु भएको र्‍याली मुक्तिचोकदेखि इलाका प्रहरी कार्यालय अगाडिबाट भद्रपुर रोड घुमेर पुनः गायत्री मन्दिरमै पुगेर समापन भएको थियो । यसअघि पाँच दिवसीय धार्मिक अनुष्ठान आयोजना गर्नुअघि पनि र्‍याली निकालिएको थियो ।

गत माघ १७ गतेदेखि शुरु भएको अनुष्ठानको उद्घाटन प्रतिनिधि सभा नेपालका सभामुख देवराज घिमिरेले गरेका थिए ।गायत्री मन्दिर अढाई करोड रुपैयाँको लागतमा निर्माण गरिएको हो । कोशी प्रदेश सरकारको ४० लाख, बिर्तामोड नगरपालिकाको १५ लाख रुपैयाँ र स्थानीय दाताको सहयोगमा तयार गरिएको मन्दिर निर्माण समिति संयोजक रोनक वंशलको भनाई छ ।

कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले धार्मिक सहिष्णुताका हिसाबले कोशी प्रदेश अन्यभन्दा विशिष्ठ रहेको बताएका छन् । नेपालमा रहेका १२ वटा ज्योतिर्लिङ्गमध्ये कोशी प्रदेशमा सबैभन्दा धेरै ज्योतिर्लिङ्ग रहेको बताउँदै मुख्यमन्त्री कार्कीले कोशी आफैंमा विशिष्ठ प्रदेश भएको बताएका हुन् ।

बिर्तामोड ५ स्थित बालाजी टोलमा निर्मित गायत्री माताको प्राण प्रतिष्ठापछि मन्दिरको उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले धार्मिक सहिष्णुतासंगै कोशी प्रदेशमा ८ हजार मिटरभन्दा उचाईमा रहेका हिमालको संख्या पनि अन्य प्रदेशभन्दा धेरै भएको र विश्वको सर्वोच्च शिखर सगरमाथा पनि यही प्रदेशमा भएकाले यो प्रदेशको विशिष्ठ स्थान रहेको उल्लेख गरे । कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२ लाई पर्यटन वर्षका रुपमा मनाउने र कोशी प्रदेशमा धार्मिक पर्यटन क्षेत्रको समेत विकास गरेर लैजाने धारणा राखे । उनले कोशी प्रदेशमा लगानी सम्मेलन गर्दै चिया लगायतका कृषिजन्य बालीको विकासमा समेत टेवा पुर्याउने विशेष खालका योजना अघि सारेको बताए । नेपालका प्रथम जगतगुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजले कोशी प्रदेश धार्मिक पर्यटनका हिसावले नेपालकै अब्बल प्रदेश रहेको बताउँदै यसको संरक्षण र सर्म्वद्धनका लागि सरकारले सहयोग गर्नु पर्ने धारणा राखे । नेपाल सरकारले अंग्रेजी सम्वतलाई नयाँ वर्षका रुपमा मनाउने गरेपनि कोशी प्रदेश सरकारले आगामी वैशाख १ गतेबाट नेपालको पर्यटन वर्ष मनाउने योजनाको प्रशंसा गरेका छन् ।

गायत्री माता मन्दिर निर्माण समितिका संयोजक रौनक वंशलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन संचारकर्मी केशव भट्टराईले गरेका थिए । मन्दिरको संरक्षण, रेखदेश र अपनत्वका लागि झापाका विभिन्न ८२ वटा संघ संस्थाले ऐक्यवद्धता जनाएका छन् ।









# झुत्रा नोट साट्न मिल्ने



झापा(प्रस) । च्यातिएका, पुराना र झुत्रा नोट साट्न सकिने नेपाल राष्ट्र बैङ्कले जनाएको छ । वित्तीय चेतनाका लागि केन्द्रीय बैङ्कले जारी गरेको सूचना अनुसार आफूसँग भएको च्यातिएको, मकिएको, गलेको, जलेको, लुलो भएको, किराले खाएको, पानीले भिजेर मुद्रण उडेको वा धमिलो भएको, रङ्गिएको नोटलाई साट्न सकिने भएको हो ।

यस्ता नोट राष्ट्र बैङ्कको मुद्रण व्यवस्थापन विभाग तथा प्रदेशस्थित कार्यालय र नोटकोष सञ्चालन गर्ने वाणिज्य बैङ्क (राष्ट्रिय वाणिज्य बैङ्क र नेपाल बैङ्क) बाट साट्न सकिने राष्ट्र बैङ्कले जनाएको छ ।

तर धेरै केरमेट भएको, नोटको दर र पूरा नम्बर यकिन गर्न नसकिने तथा ५० प्रतिशतभन्दा कम भाग भएको (दोहोरो सट्टाभर्ना जान सक्ने सम्भावना भएको) नोटको भने सट्टाभर्ना अर्थात् सटही नगरिने राष्ट्र बैङ्कले जनाएको छ । त्यस्ता नोट जफत गरिने र सोको कारणसहितको जानकारी सम्बन्धित व्यक्तिलाई उपलब्ध गराइने राष्ट्र बैङ्कले जनाएको छ । त्यस्ता झुत्रो बैङ्क नोट नोट साट्न नसकिने र जफत पनि हुन सक्ने बैङ्कले उल्लेख गरेको छ ।

“नोटहरू धेरै मक्किएको, गन्न असजिलो हुने अवस्थामा रहेको वा सग्लो नभएको अवस्था छ भने साट्नका लागि झुत्रो नोटको पछाडिको भागमा सोही दरको सिङ्गो नोट बराबरको कागजको टुक्रा टाँसी साट्न सकिन्छ”, राष्ट्र बैङ्कको सूचनामा उल्लेख छ । साथै नोटलाई चाँडै झुत्रो हुनबाट बचाउन जतन गरी प्रयोग गर्न केन्द्रीय बैङ्कले आग्रह गरेको छ ।

# अमेरिकी सहायता रोकिँदा कृषिका आधादर्जन कार्यक्रम प्रभावित

झापा । संयुक्त राज्य अमेरिकाले दिँदै आएको सहायता बन्द गर्दा नेपालमा सञ्चालित कृषिक्षेत्रका आधा दर्जनबढी कार्यक्रम प्रभावित भएका छन्।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. हरिबहादुर कार्कीका अनुसार, अमेरिकी सहयोग नियोग (युएसएआइडी) र अर्थ मन्त्रालयबीच सम्झौता भएर जीटुजीमार्फत चालु आवमा लगभग ५० करोड रूपैंया बराबरका कार्यक्रम सञ्चालनमा थिए।

बीउ बिजन गुणस्तर केन्द्र, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्रबाट युएसएआइडीका कार्यक्रमहरू सञ्चालन भइरहेका थिए।

यस्तै लुम्बिनी, सुदूरपश्चिम र कर्णाली प्रदेशलगायतका केही पालिकाहरूमा सञ्चालन भइरहेका युएसएआइडीका कार्यक्रमहरू पनि रोकिएका डा. केसीले बताए।

युएसएआइडीका बजेट पर्याप्त भएका अड्डाहरूमा नियमित बजेटसमेत नराखिएको र कम राखिएका ठाउँमा असर पुगेको छ।

युएसएआइडीले साझेदारमार्फत पनि कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। एग्रिकल्चर ट्रान्सफर्मेसन प्रोजेक्ट भर्खरै सुरु भएको छ। एग्रिकल्चर इनपुट कार्यक्रमसँगै स्वास्थ्य मन्त्रालयअन्तर्गतको पोषणसम्बन्धी कार्यक्रममा पनि कृषि क्षेत्र समेटिएको छ।

‘भर्खरै सुरु भएका परियोजनाहरू जसले सरकारसँगको समन्वयमा कृषि र किसानकै लागि काम गर्थे अब स्थगित भएका छन्’, डा. केसीले भने, ’जिटूजीमार्फत सरकारलाई प्रत्यक्षरूपमा आएका र सरकारी सिस्टमभन्दा बाहिर भएको बजेटमार्फत युएसएआइडीका सबै परियोजनाहरू प्रभावित हुन पुगेका छन्।’

उसले फिड द फ्युचर नेपाल युएसएआइडी पोल्ट्री साझेदारी, फिड द फ्युचर युएसएआइडी नेपाली चिया साझेदारी, कृषि उच्च शिक्षा, जैविक विविधता, खाद्य सुरक्षा अनुगमनलगायतका कार्यक्रममा आर्थिक सहयोग प्रदान गरेको थियो।

यस्तै रैथाने कृषिको रुपान्तरणदेखि कृषिमा यान्त्रीकरणसम्म अमेरिकाले सहयोग गरेको छ। पछिल्लो समय किसान-टु परियोजनामार्फत तराईमा २७ सय किसानलाई स्यालो ट्यूबवेल वितरण गरिएको थियो भने २ करोड अमेरिकी डलर सहयोगमा संचालित नेपाल बीउ तथा मल परियोजनाले निजी क्षेत्रलाई पनि बीउको उत्पादन गर्न मद्दत गरेको छ। कञ्चनपुरदेखि बारासम्म हिउँदमा मकै लगाउन सिकाउने कामसमेत अमेरिकी सहायतामा भएको थियो।

दुई पक्षीय सहयोगको हिसाबले युएसएआइडी सबैभन्दा ठूलो दाता हो। जाइका, सुइस, कोरिया अन्तरराष्ट्रिय सहयोग एजेन्सी (कोइका) लगायतकाको साना परियोजना छन् तर सबैभन्दा ठूलो दाताले सहायता रोकेपछि सञ्चालन भइरहेका कार्यक्रम अलपत्र पर्ने आशंका गरिएको छ।

‘यद्यपि अहिले ’पर्ख र हेर’को अवस्थामा छ’, डा. केसीले भने, ’निलम्बन लामो समय गयो भने आन्तरिक बजेटबाट रकमान्तर गरेर पनि कामलाई निरन्तरता दिनुपर्ने हुनसक्छ, जीटूजीको तीन महिना फ्रिज भएर त्यसपछि पनि खुलेन भने सरकारी सिस्टमबाट आएका बजेटबाट सञ्चालित कार्यक्रमका लागि बजेटको व्यवस्था गर्नुपर्ने अवस्था आउन सक्छ।’

अमेरिकाबाट अनुदान पाउने मुलुकहरूको सूचीमा नेपाल १६औं स्थानमा छ। अर्थ मन्त्रालय र यूएसएआईडीले सन् २०२२ मा भएको सम्झौतामा पाँच वर्षका लागि ६५ करोड ९० लाख अमेरिकी डलर अर्थात् ९१ अर्ब भन्दा धेरै अनुदान प्राप्त हुने उल्लेख छ।

उक्त अनुदानमध्ये नेपाल सरकारको बजेट प्रणालीमार्फत कार्यान्वयन हुने गरी ४० प्रतिशत र विभिन्न संस्था, गैरसरकारी संस्थामार्फत कार्यान्वयन हुने गरी ६० प्रतिशत कार्यक्रम सञ्चालनमा थिए।

कृषिविज्ञ डा. कृष्णप्रसाद पौडेल दाताको अनुदान रोकिए सँगै कृषि क्षेत्रको ओरालो यात्रामा ब्रेक लागेको बताउँछन्। ‘अनुदान रोकिए सँगै युएसएआइडीबाट दुई खर्बभन्दा बढी पैसा लिएर कार्यक्रम गरेको सरकारको अहम् तोडिन्छ, विचौलिया, एनजिओलाई समस्या पर्ला तर कृषि क्षेत्र र कृषकलाई ठूलो असर पर्दैन’, उनले भने,’५० वर्षदेखि ओरालो लागेको कृषिमा अनुदान नामको पैसा नलिँदा रोकिन्छ, ओरालोमा ब्रेक लागेको राम्रो हो।’

दाताबाट पैसा लिएर विचौलियाले गाउँमा नर्सरी, बीउ, मल दिने, उपजलाई बजार दिनेलगायतका आशा बाँडेको भन्दै डा. पौडेलले अनुदानबाट स्थगित भएका कार्यक्रम सरकार वा कार्यक्रम लिएर गाउँमा पुगेका संस्थाले त्यसको जिम्मा लिनुपर्ने बताए।

# मानव खप्पर र नलीखुट्टासहित पक्राउ

झापा(प्रस) । भारतबाट नेपाल ल्याउँदै गरेको मानव कंकालसहित एक जनालाई प्रहरीले विराटनगरबाट पक्राउ गरेको छ । बिहान ७ बजेर ४९ मिनेट जाँदा भारतबाट रिक्सामा हालेर नेपाल ल्याउँदै गरेका विराटनगर १७ का विनोद रायलाई मानव कंकालसहित प्रहरीले पक्राउ गरेको हो ।

सीमामा खटेका सशस्त्र प्रहरी नायब निरीक्षक प्रकाश दहालको नेतृत्वको टोलीले ३७ वर्षीय रायको साथबाट मानव खप्पर ३८ थान र नली खुट्टाको हड्डी १० थान बरामद गरेको हो । उनको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** विद्या र बुद्धिको विकास हुनेछ । पारिवारिक भेटघाटमा रमाइन्छ ।

**वृष** धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ ।

**मिथुन** मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ ।

**कर्कट** आज पहेंलो रङ्गको पहिर गर्नाले विभिन्न समस्याबाट जोगाउन सक्छ ।

**सिंह** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला ।

**कन्या** कला र गलाको प्रभाव बढ्नेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

**तुला** न्यायिक कार्यमा सफलता मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला ।

**वृश्चिक** आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**धनु** आज शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज टाउको एवं आँखा दुख्ने समस्या बढ्न सक्छ । मालसामान पनि हराउन सक्छ

**कुम्भ** आज धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । कला र गलाको प्रभाव बढ्नेछ ।

**मिन** अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ ।